# मानमिन समाचार

अंक २६  जुलाई ३०, २०१६

# आँखा सम्बन्धी दुर्बलताहरू निको भएका विष्फोटमय कार्यहरू !




सिनियर पास्टर डा. जेरक ली मार्फत परमेश्वरले पुनर्सृष्टिको शक्ति प्रकट गर्नुभएको छ र असंख्य आत्माहरूलाई मुक्तिको मार्गमा डोऱ्याउनु भएको छ। सन् २०१६ को अगष्ट महिनामा, मानमिन समर रिट्रिटको दौरान, अन्धोपना सहितका आँखा सम्बन्धी रोग र समस्याहरूबाट थुप्रै मानिसहरूले चङ्गाइ पाउनु भएको थियो। अन्धोपना भएकाहरूले देख्न सक्नुभयो र आँखा सम्बन्धी थुप्रै समस्याहरू समाधान भए। (मध्यभागमा : समर रिट्रिट र समुद्रपारीका क्रूसेडहरूमा चङ्गाइ पाउनु भएर गवाही दिन आउनुभएका साक्षीहरूले भरिएको मञ्च)।

दृष्टि शक्ति पूर्ण रूपमा वा लगभग गुमाएको अवस्थालाई अन्धोपना भनिन्छ। येशूले, "तिम्रो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ," भनी भन्नुहुँदा बारतिमै नाउँ गरेको अन्धो भिखारी देख्न सक्ने भयो (मर्कूस १०)। साथै बेथसेदामा रहेको अन्धो मानिस र जन्मैदेखिको अन्धो व्यक्तिले पनि दृष्टिशक्ति पुनःप्राप्त गरे (मर्कूस ८ र यूहन्ना ९)।

के त्यस्ता कार्यहरू २००० वर्ष अघि केवल येशूको समयमा मात्र सम्भव थिए त ? येशूले यूहन्ना १४:१२ मा भन्नुभएको छ, "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु।" मानमिन केन्द्रीय चर्चको शुरुदेखि नै, सदस्यहरूले पूर्ण अन्धोपना र कमजोर दृष्टि शक्ति निको भएका कार्यहरू देख्नुभएको र अनुभव गर्नुभएको छ।

बहिनी मारिया रोड्रिग्वेज डोमिङ्गगेज, त्यसबेला १२ वर्षको हुनुहुन्थ्यो। उहाँ दुई वर्षको हुनुहुँदा उच्च ज्वरोको कारण उहाँले आफ्नो दाहिने आँखाको ज्योति पूर्ण रूपले गुमाउनु भएको थियो। उहाँको दाहिने आँखामा कोर्नियल (आँखाको नानीमा रहेको पारदर्शी जाली) प्रत्यारोपण गरियो, तरै पनि त्यसले उहाँको अवस्थामा कुनै सुधार ल्याएन। सन् २००२ मा डा. जेरक ली होण्डुरासमा संयुक्त क्रूसेड सञ्चालन गर्न जानुहुँदा, उहाँले लाकोसेचा चर्चमा जागृति सभा पनि आयोजना गर्नु भएको थियो। बहिनी मारिया जागृति सभामा सहभागी हुनुभयो र डा. लीको प्रार्थनाद्वारा चङ्गाइ पाउनुभयो ; उहाँ देख्न सक्ने हुनुभयो।

भाइ कुन्वी पार्क १५ वर्षको हुनुहुँदा, उहाँले आफ्नो देब्रे आँखाको दृष्टि शक्ति पूर्ण रूपमा गुमाउनु भएको थियो। उहाँको देब्रे आँखामा भएको मोतिविन्दुको शल्यक्रियाको प्रतिअसर स्वरूप उहाँको युभिया (आँखाको नानीको वरिपरिको रङ्गीन भाग) सुन्निएको थियो र रेटिनल डिट्याच्मेन्ट (आँखाको भित्र पछाडिपट्टि रहेको रेटिना, टाँसिएको भागबाट उप्केको) भएको थियो र जसले गर्दा उहाँको आँखा सुन्निएर बाहिर निस्केला (आइबल ट्रफी) जस्तो भएको थियो। भाइ जुन हेओ को उमेर ६ वर्ष हुँदा, उहाँको दाहिने आँखाको दृष्टि शक्ति पूर्ण रूपमा गुमेकोले गर्दा, उहाँले केवल आफ्नो देब्रे आँखाद्वारा मात्र देख्न सक्नुहुन्थ्यो। जन्मदेखि नै उहाँको दाहिने रेटिना काम नलाग्ने भएको थियो। उहाँको डाक्टरले यो निको हुन सक्दैन भनी भन्नु भएको थियो र उहाँ आफ्नो देब्रे आँखामा भर पर्नु भएको थियो। यद्यपि डा. लीको प्रार्थनाद्वारा, उहाँहरू दुवैजना निको हुनुभयो र दुवै आँखाले देख्न सक्ने हुनुभयो।

केन्याको बहिनी एलिजाबेथ नकुमिका, त्यतिबेला २७ वर्षको हुनुहुन्थ्यो, उहाँ दृष्टिविहिन हुनुभएकोले गर्दा समस्यामा हुनुहुन्थ्यो, तर रुमालको प्रार्थना ग्रहण गरेपछि उहाँले ज्योति देख्न सक्नुभयो र अन्ततः आफ्नो वरिपरि रहेका वस्तुहरू देख्न सक्ने हुनुभयो।

सन् २०१६ को अगस्ट ८ मा, मानमिन समर रिट्रिट २०१६ को ईश्वरीय चङ्गाइ सभाको दौरान विस्फोटमय शक्तिका कार्यहरू प्रकट भए। डा. लीको प्रार्थनाद्वारा क्यान्सर, मस्तिष्क घात, बोल्नमा भएको समस्या, श्रवण समस्या र हिँड्ने अशक्तता जस्ता थुप्रै रोगहरू निको भएका थिए। विशेषगरी आँखासित सम्बन्धित थुप्रै प्रकारका रोगहरू निको भएका थिए।

१४ औं प्यारिसको ७० वर्षीय डिकनेस पार्क नामसूनलाई मोतिविन्दु भएको थियो र सन् २०१२ मा उहाँको दुवै आँखाको शल्यक्रिया भएको थियो। तरैपनि उहाँको दायाँ आँखाको दृष्टि भने एकदमै कमजोर नै थियो। उहाँमा पुनः मोतिविन्दुको शल्यक्रिया गरियो, तर उहाँको दायाँ आँखाको दृष्टि झन् धमिला भए। यसको असर स्वरूप उहाँलाई हिँड्दा कठिनाइ हुन्थ्यो र कहिलेकाहीँ लड्नु पनि हुन्थ्यो। मानमिन समर रिट्रिट २०१६ मा उहाँले डा. लीबाट प्रार्थना ग्रहण गर्नुभयो। त्यसपछि, उहाँले आफ्नो आँखामा ज्योति आएको महसुस गर्नुभयो र ती सबै समस्याहरू हराएर गए। त्यस पछि उहाँ टाढाका कुराहरू समेत देख्न सक्ने हुनुभयो (तस्वीर १)।

मासान मानमिन चर्चका १२ वर्षीय भाइ जुङ्वो चियोनमा, कोन सेल डिसअर्डर (रेटिनामा भएको कोन कोशमा भएको समस्या) र आँखाको दृष्टि मार्गमा भएको समस्याको कारण कलर ब्लाइण्डनेस (रंगहरू छुटाउन नसक्ने समस्या) भएको थियो। डा. लीको प्रार्थना ग्रहण गरेपछि, उहाँले एकदमै चहकिलो ज्योति देख्नुभयो र पछिबाट जाँच गर्दा, उहाँ कलर ब्लाइण्डनेसबाट निको भइसक्नु भएको थियो (तस्वीर २)। १६ वर्षीय भाइ क्युचान योअन, जन्मैदेखि स्टारबिस्मस् नामक प्यारालाइटिक स्वीन्ट डिस्अर्डर (आँखाहरूबीच तालमेल नमिल्ने समस्या) बाट ग्रसित हुनुहुन्थ्यो। उहाँ जुन सुकै कुरा पनि धमिलो र खप्टिएको देख्नुहुन्थ्यो। राम्रोसित ठम्या(उनको लागि छड्के गरी हेर्नुपर्थ्यो। डा. लीको प्रार्थनाद्वारा, उहाँ पनि निको हुनुभयो र कुनै समस्या विना सजिलैसित हेर्न सक्ने हुनुभयो (तस्वीर ३)।

छाङ्वन मानमिन चर्चका, ७८ वर्षीय डिकनेस पार्क मियोङ्गसियोनको दायाँ आँखाको दृष्टि धमिलो भएको तीन वर्ष भएको थियो। उहाँ आफ्नो दाहिने आँखाद्वारा देख्न सक्नु हुन्नथ्यो। उहाँको दुवै आँखामा रतन्धो भएको थियो, जसले गर्दा उहाँ रातको समयमा बाहिर जान सक्नु हुन्नथ्यो। तर डा. लीको प्रार्थना ग्रहण गरेपछि, उहाँको दाहिने आँखाले स्पष्टसित देख्न थाल्यो। साथै उहाँ रतन्धोबाट पनि निको हुनुभयो (फोटो ४)।

पहिलो प्यारिसको ५१ वर्षीय सिनियर डिकनेस जियोङ्ही बे, आँखामा आएको एलर्जी र चिलाउने समस्याबाट निको हुनुभयो (तस्वीर ५), १९ औं प्यारिसको ६६ वर्षीय क्येटिए लीको आँखामा म्याकुलर डिजेनेरेशन (रेटिनामा भएको म्याकुलामा समस्या भएकोले गर्दा कालोधब्बा उत्पन्न भई राम्ररी देख्न नसक्ने समस्या) भएकोले गर्दा दुईचोटि शल्यक्रिया पनि गरिएको थियो। त्यसपछि, सबै कुराहरू धमिलो देखिन थाल्यो तर बिरामीको निम्ति गरिएको प्रार्थना ग्रहण गरेपछि उहाँ निको हुनुभयो (तस्वीर ६)।

अनगिन्ती सदस्यहरूको आँखाको दृष्टिमा सुधार आयो। १५ औं प्यारिसको ५४ वर्षीय डिकन ह्युङ्मो किमले आफ्नो दृष्टि निरन्तर खराब हुँदै गइरहेको महसुस गर्नुभएको थियो। उहाँले आफूलाई जाँचेर हेर्नुभयो र पश्चात्ताप गर्दै हार्दिकताका साथ रिट्रिटको निम्ति तयारी गर्नुभयो। रिट्रिटमा डा. लीको प्रार्थना ग्रहण गरेपछि, उहाँको आँखाको दृष्टिमा ०.७/०.५ देखि १.०/१.० सम्म सुधार भयो (तस्वीर ७)।

२८ औं प्यारिसको ५८ वर्षीय डिकन यिहे सङ्ग दूर-दृष्टि (टाढाको देख्ने नजिकको नदेख्ने आँखाको समस्या) बाट निको हुनुभयो। उहाँ चश्मा नै प्रयोग नगरी बाइबल पढ्न सक्ने हुनुभयो (तस्वीर ८)। ५ औं प्यारिसको ४९ वर्षीय सिनियर डिकनेस अह्रान ली अष्टिग्मटिजम (आँखाले स्पष्ट देख्न नसक्ने रोग) बाट निको हुनुभयो (तस्वीर ९), र ३१ औं प्यारिसको ७३ वर्षीय डिकनेस जियोङ्गरी यांग, अदूर-दृष्टि (नजिकको देख्ने तर टाढाको नदेख्ने आँखाको समस्या) बाट निको हुनुभयो (तस्वीर १०)।

थपअझ, थुप्रै सदस्यहरूको आँखाको दृष्टि सुधार भयो र उहाँहरूले विश्व ख्रीष्टियन चिकित्सक सञ्जालमा आफ्ना गवाहीहरू दर्ता गराउनु भएको छ।

## क्रूसको सन्देश श्रृंखला – (२६)

# पानी र आत्माद्वारा फेरि जन्मनु भएकाहरूले मात्र मुक्ति पाउनुहुनेछ



डा. जेरक ली

"येशूले तिनलाई जवाफ दिनुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।' निकोदेमसले उहाँलाई भने, 'मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ ?' येशूले जवाफ दिनुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।'"

(यूहन्ना ३:३-५)

परमेश्वरले आफ्नो एक मात्र पुत्र येशू ख्रीष्टलाई यस संसारमा पठाउनुभयो र उहाँको पुत्रलाई ग्रहण गर्ने प्रत्येक व्यक्तिलाई परमेश्वरका छोराछोरीहरू हुने अधिकार दिनुभएर उहाँले मुक्ति, अनन्त आशिष् र आनन्दको बाटो खोलिदिनु भयो।

यद्यपि, थुप्रै मानिसहरूले हामीहरूले येशू ख्रीष्टलाई ग्रहण गरेका छौं र परमेश्वरमा विश्वास गरेका छौं भनी स्वीकारोक्ति दिएतापनि, तिनीहरू सबैमा मुक्तिको पूर्ण निश्चयता भने नहुन सक्छ।

येशू र निकोदेमसबीचको आत्मिकी संवादलाई हाम्रो मार्गदर्शकको रूपमा लिई, मानमिन समाचारको यस अंशले "पानी र पवित्र आत्माद्वारा फेरि जन्मनु" को महत्व र सिद्ध मुक्तिको मार्गलाई नियाल्नेछ।

### १. येशू र निकोदेमसबीचको आत्मिकी संवाद

निकोदेमस यहूदी महासभाका सदस्य, शिक्षक र व्यवस्थामा पोख्त फरिसीहरू मध्येको एक हुनुहुन्थ्यो। येशूको समयका फरिसीहरूमा शारीरिक "पवित्रता" मात्र थियो, तिनीहरू हृदयदेखि व्यवस्था पालन गर्दैनथे ; तिनीहरूले येशूको शिक्षामा शंका मात्र गरेनन्, तर उहाँलाई मार्ने योजना समेत बनाएका थिए।

अन्य फरिसीहरूको विपरीत, निकोदेमसमा सत्यताको निम्ति तृष्णा थियो र उहाँमा साँचो विश्वास भएकोले गर्दा, उहाँ एक साँझ येशूलाई भेट्न जानुभयो। येशूसितको यस भेटघाट पछि, फरिसीहरूले येशूको आलोचना गर्दा निकोदेमसले येशूको बचाव गर्नुभएको (यूहन्ना ७:५०-५१) र येशूले क्रूसमा प्राण त्याग्नु भएपछि, उहाँको लासमा लेप लगाउनको लागि "प्रायः तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य" लिएर आउनु भएको (यूहन्ना १९:३९) हामी पाउँदछौं। यस्ता कार्यहरू हेर्दा निकोदेमसले मुक्ति प्राप्त गर्नु भएको कुरा हामी थाहा पाउन सक्छौं।

निकोदेमसले येशूको सामु स्पष्टसित यसो भन्नुभई स्वीकारोक्ति दिनुभयो, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।"

निकोदेमसको हृदयको तृष्णालाई महसुस गर्नुभएर येशूले यसो भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन' र उहाँलाई आत्मिक शिक्षा प्रदान गर्नुभयो। यद्यपि यो सुनेपछि, मानिस फेरि कसरी आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ भनी निकोदेमस अन्योलमा पर्नुभयो।

परमेश्वरको सेवक भएतापनि, यदि त्यस व्यक्तिमा परमेश्वरको वचनको समझ छैन भने, उसले जीवित परमेश्वरका कार्यहरू अनुभव गर्न सक्दैन जसको नतिजा स्वरूप उसको बगालको विश्वास वृद्धि हुन सक्दैन र जागृति आउन सक्दैन। १ कोरिन्थी ४:२० मा, "किनकि परमेश्वरको राज्य कुरामा होइन तर शक्तिमा हुन्छ," भनी उल्लेख गरिए झैं, जब कुनै व्यक्तिले पवित्र आत्माको प्रेरणामा परमेश्वरको शक्ति प्राप्त गर्दछ, तब मात्र उसले आत्मिक रहस्यहरूको गहिराइलाई बुझ्न सक्छ र महान् तवरले परमेश्वरको इच्छा पूरा गर्न सक्छ।

येशूले भन्नु भएको आत्मिक कुरा नबुझ्नु भएकोले गर्दा निकोदेमसले सोध्नुभयो, "मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ ?"

जवाफमा येशूले भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।"

स्वर्गको राज्यमा प्रवेश गर्नको लागि, अदृश्य आत्मा फेरि जन्मनु पर्छ, भनी येशूले भन्नुभयो। मानवजातिको पुर्खा, आदम, जीवित आत्माको रूपमा सृष्टि गरिनु भएको थियो, तर उहाँले पाप गर्नु भएकोले गर्दा उहाँको आत्मा मर्‍यो। त्यसपश्चात्, जन्मिएका आदमका सबै सन्तानहरूका आत्मा मृत थिए र तिनीहरूमा शारीरिक स्वभाव भएकोले गर्दा तिनीहरू स्वर्गमा प्रवेश गर्न सक्दैनथे। यसलाई सच्याउने र रोक्ने-नरकमा पर्नदेखि जोगिने- एक मात्र उपाय भनेको पानी र पवित्र आत्माद्वारा जन्मनु हो।

त्यसैकारण येशूले निकोदेमसलाई, "बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ" भनी भन्नुभयो। जसरी बतास अदृश्य हुन्छ र त्यसको दिशा हामी पत्ता लगाउन सक्दैनौं तर त्यसको आवाज भने सुन्न सक्छौं, त्यसरी नै हामी परमेश्वरका कार्यहरू र पवित्र आत्माको शक्तिद्वारा मात्र आत्मिकी कुराहरू अनुभव गर्न र बुझ्न सक्छौं।

### २. "पानीद्वारा जन्मनु" को आत्मिक महत्व

येशूले, "कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन" भनी भन्नुको अर्थ के थियो ?

पहिलो, यूहन्ना ४:१४ मा भनिएझैं "पानी" चाहिँ येशूले हामीलाई दिनुहुने "अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल" जस्तै हो।

त्यसोभए, येशूले हामीलाई दिनुहुने "अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल" के हो ? मानिसको पुत्र येशूको देह नखाएसम्म र रगत नपिएसम्म हामीमा अनन्त जीवन हुँदैन भन्ने कुरा हामी जान्दछौं (यूहन्ना ६:५३)। मानिसको पुत्रको देह खानु भनेको परमेश्वरको वचनलाई आफ्नो भोजन बनाउनु हो र मानिसको पुत्रको रगत पिउनु भनेको परमेश्वरको वचनलाई व्यवहारमा उतार्नु हो। मानिसको पुत्रको देह खानु र रगत पिउनु - स्वयम् परमेश्वरको वचन-यी नै मानिसहरूलाई अनन्त जीवन प्रदान गर्ने पानी हुन्।

जसरी पानीले अशुद्धतालाई पखाली शुद्ध पार्छ र सबै जीवजीवातहरूलाई जीवन प्रदान गर्दछ, त्यसरी नै आत्मिक अर्थमा "पानी"-परमेश्वरको वचनले-हाम्रो हृदयबाट पाप र दुष्टताहरू हटाउँदछ र हामीलाई अनन्त जीवन प्राप्त गर्न सहायता गर्दछ। जब परमेश्वरको वचन हाम्रो हृदयमा रही यस्ता कुराहरूलाई सफा गर्न थाल्छ, तब हामीले डाह, ईर्ष्या, घृणा र क्रोध जस्ता पाप र दुष्टताहरूबाट छुटकारा पाउनेछौं, फेरि जन्मनेछौं र मुक्ति प्राप्त गर्नेछौं। त्यसैकारण १ पत्रुस ३:२१ ले हामीलाई भन्दछ, "यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ। यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वर तर्फको एउटा प्रतिज्ञा हो। यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ।"

तसर्थ, हामीलाई हाम्रा पापहरूबाट धोइपखाली शुद्ध बनाउने परमेश्वरको वचनलाई हामी जति मात्रामा आफ्नो भोजन बनाउँदछौं र सो अनुसार जिउँदछौं, सोही अनुसार हामी पवित्र र धार्मिक बन्नेछौं र यो हाम्रो मुक्तिको प्रमाण बन्नेछ।

### ३. "पवित्र आत्माद्वारा फेरि जन्मनु" को आत्मिक महत्व

परमेश्वरको पवित्र आत्माको रूपमा, पवित्र आत्माले परमेश्वरका बचाइएका छोराछोरीहरूलाई सिद्ध मुक्ति प्राप्त गर्न सहायता गर्नुहुन्छ। येशूले यूहन्ना १५:२६ मा हामीलाई "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ" भनी भन्नुभएझैं, हाम्रो प्रभु पुनरुत्थान हुनुभएर स्वर्ग चढिजानु भएपछि, परमेश्वरले उहाँका बाँचेका छोराछोरीहरूलाई पवित्र आत्मा दिनु भएको छ (प्रेरित २:३८) र पवित्र आत्माले उनीहरूलाई विश्वास धारण गर्न सहायता गर्नुहुन्छ जसद्वारा उनीहरूका मृत आत्मा फेरि जागृत हुन्छ।

१ यूहन्ना ५:५-८ ले हामीलाई स्मरण गराउँदछ, "संसारमाथि विजय प्राप्त गर्ने को हो ? त्यही हो, जसले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ। उहाँ उही नै हुनुहुन्छ, जो पानी र रगतद्वारा आउनुभयो, अर्थात् येशू ख्रीष्ट, जो पानीद्वारा मात्र होइन, तर पानी र रगतद्वारा आउनुभयो। गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ। किनभने गवाही दिनेहरू तीन छन्, अर्थात् पवित्र आत्मा, पानी र रगत, र सबै कुरामा यी सहमत हुन्छन्।"

"पानी र रगतद्वारा आउनुभयो" भन्ने अभिव्यक्तिले देहधारी हुनुभएको येशूले बगाउनुभएको रगत र उहाँको मृत्युलाई जनाउँदछ। येशू क्रूसमा मर्नु भएकोले गर्दा, हामी उहाँको रगतद्वारा मुक्ति प्राप्त गर्न सक्छौं। तसर्थ, "पानी र रगतद्वारा आउनुभएको" चाहिँ येशू ख्रीष्ट हुनुहुन्छ र उहाँ स्वर्ग चढिजानु भएपछि हामी कहाँ पठाइनु भएको पवित्र आत्माले हामीलाई यो सत्यतामा विश्वास गर्न सहायता गर्नुहुन्छ।

धर्मशास्त्र पदले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्नेहरू "संसारमाथि विजयी बन्नुहुनेछ" भनी भन्दछ र यसले किन हामी यस संसारका अभिलाषाहरूको विरुद्धमा लडेर विजयी हुँदा असत्यताको दाग हामीमा लाग्दैन भन्ने कुरा जनाउँदछ। पवित्र आत्माले हामीलाई पूर्ण रूपमा प्रभुमा विश्वास गर्नको लागि सहायता प्रदान गर्नुका साथै, पाप, धार्मिकता र न्याय जस्ता कुराहरूको बारेमा हामीलाई बोध गराई, संसार र यसका थोकहरूमाथि विजयी हुन सामर्थ्य पनि प्रदान गर्नुहुन्छ।

जब हामी पापको प्रवृत्ति महसुस गर्दछौं, धार्मिकता पूरा गर्नुको महत्व बुझ्दछौं र हामीले उत्तीर्ण गर्नु पर्ने न्यायमा विश्वास गर्दछौं, तब हामी पवित्र आत्माको इच्छा अनुसार जीवन जिउन उत्सुक हुनेछौं। हरेक दिन हृदयबाट पाप र दुष्टहरू फाल्दै जाँदा, हामी हृदयलाई परिवर्तन गर्नेछौं र हृदयलाई सत्यताले भर्नेछौं।

योचाहिँ पवित्र आत्माद्वारा आत्मालाई जन्म दिने प्रक्रिया हो र पानी र पवित्र आत्माद्वारा फेरि जन्मिएर आत्मालाई जागृत तुल्याउनेहरू मात्र स्वर्गमा प्रवेश गर्नुहुनेछ।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, एफिसी २:८ ले हामीलाई भन्दछ, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ- र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो।" मानिस पानी र पवित्र आत्माद्वारा फेरि जन्मन सक्नुचाहिँ परमेश्वरले हामीलाई सित्तैमा दिनु भएको उहाँको प्रेम र वरदानको कारणले गर्दा हो।

तसर्थ, हामीलाई मुक्तिको मार्गमा डोर्‍याउनुहुने परमेश्वरलाई हामीले धन्यवाद दिनु पर्दछ र असंख्य आत्माहरूलाई उहाँको अंगालोमा ल्याउनु पर्दछ। तपाईंहरू सबै जना स्वर्गको सबै भन्दा सुन्दर स्वर्गीय निवासस्थान, नयाँ यरूशलेममा प्रवेश गर्नु भएको होस् भनी, म हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु !



# क्रूसको अर्थ

काठको क्रूसलाई इसाईत्वको प्रतीकको रूपमा लिने गरिन्छ। किनभने क्रूसले परमेश्वरको प्रेम अर्थात् येशू ख्रीष्टद्वारा पूरा भएको मुक्तिको प्रबन्धलाई जनाउँदछ। क्रूसको आत्मिक अर्थ बुझेपछि हामी परमेश्वरको इच्छा अनुसार जीवन जिउन सक्छौं र उहाँको साँचो सन्तान बन्न सक्छौं। अब हामी क्रूसको अर्थलाई हेरौं।

## पहिलो, क्रूसले "आशिष्" लाई जनाउँदछ

प्राचीन समयमा, क्रूसीकरणचाहिँ अक्षम्य अपराध गर्ने अपराधीहरूलाई दिइने भयानक दण्ड थियो। आत्मिक व्यवस्थाको सरापको अधीनमा रहेका हामी पापीहरूको साटो येशू यस्तो क्रूसमा चढ्नुभयो (गलाती ३:१३)।

'व्यवस्थाको श्राप' ले रोमी ६:२३ मा लेखिएको "पापको ज्याला मृत्यु हो" भन्ने आत्मिक व्यवस्थाको श्रापलाई जनाउँदछ। आदमले अनाज्ञाकारिताको पाप गर्नु भएकोले गर्दा, उहाँका सन्तानहरूमा पाप वंशाणुगत रूपमा सर्दै गयो, जसले गर्दा मानिसहरू यो मौलिक पापको साथमा जन्मन थाले। अर्थात् सबै मानिसहरूले पाप गर्दछन् जसले आत्मिक मृत्युमा पुऱ्याउँदछ, किनभने पापको ज्याला मृत्यु हो।

कसैले यी 'पापीहरूलाई' व्यवस्थाको यस श्रापबाट मुक्त गर्न चाहेको खण्डमा, ऊ स्वयम्ले नै यस श्रापको मूल्य चुकाउनु पर्ने थियो। यसको लागि, परमेश्वरले येशूलाई श्रापको प्रतीक रहेको काठको क्रूसमा मर्न दिनुभयो।

यसलाई उद्धृत गर्दै, येशूले यूहन्ना ३:१४-१५ मा निकोदेमसलाई भन्नुभयो, "जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।"

क्रूस बोक्नु भएर, येशूले शत्रु शैतानको अख्तियारलाई पराजित गर्नुभयो। शत्रु शैतानले पापरहित येशूको हत्या गरेको हुनाले, त्यसले आत्मिक व्यवस्था उल्लङ्घन गऱ्यो र त्यसकारण येशू मृत्युबाट पुनरुत्थान हुनुभयो। तसर्थ, क्रूसमा मर्नु भएको येशूलाई हेर्नु भनेको विश्वासका साथ शत्रु शैतानको पराजित अख्तियारलाई हेर्नु हो।

श्रापको प्रतीकको रूपमा रहेको क्रूसमा येशू झुण्डिनु भएतापनि, यसलाई विश्वासका साथ हेर्दा, हामीले अनन्त जीवनको वरदान प्राप्त गर्न सक्छौं। तसर्थ, प्रभुमा विश्वास गर्ने हामीहरूका निम्ति अब क्रूस 'श्राप' नभई 'आशिष्' को प्रतिक हो।

## दोश्रो, क्रूसले "बलिदान" लाई जनाउँदछ

यस सन्दर्भमा हिब्रू ९:१२ ले भन्दछ, "बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैँको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो।" हिब्रू ९:२२ ले रगत नबगाईकन पाप क्षमा हुँदैन भनी भन्दछ। हामीलाई पापबाट छुटकारा दिनको लागि येशूले रगत बगाउनुभयो। पापको कमारा भएका हामीहरूलाई स्वतन्त्रता दिलाउन र हामीलाई परमेश्वरका छोराछोरीहरू बनाउनको लागि, उहाँले बलिदानको अत्यन्तै ठूलो मूल्य चुकाउनु भयो।

उहाँलाई हानिएको कोर्रा सामान्य कोर्राहरूभन्दा फरक थियो। त्यस कोर्राको बाहिरी भागमा फलाम, हड्डी र इस्पातका धारिला टुक्राहरू उनेर राखिएका थिए। त्यसको प्रहारले गम्भीर चोटपटक लाग्नुका साथै छाला च्यातिन्थ्यो र यहाँसम्म कि मासुका टुक्राहरू समेत निस्कन्थे। हड्डीसित मासुलाई जोड्ने मांसपेशी च्यातिएपछि मासु त्यतिकै झुण्डिन्थ्यो। अत्याधिक रक्तस्रावले गर्दा, रक्तचाप घट्दथ्यो र अपराधी मृत्युको मुखमा पुग्दथ्यो। शरीरबाट धेरै रगत बगी निस्किसकेको हुनाले, शरीरलाई तरल पदार्थको आवश्यकता पर्दथ्यो र आपराधीलाई अत्याधिक तिर्खा लाग्दथ्यो।

अपराधी आफैले क्रूसीकरणको स्थलसम्म काठको क्रूस बोकेर लैजानु पर्दथ्यो। त्यो क्रूसको लम्बाइ २ मीटर र तौल ४० किलोग्राम वा १०० पाउण्ड भन्दा माथि हुने गर्दथ्यो। ऊ बेहोश हुन्थ्यो। कोर्राको कारण उसको शरीर क्षतविक्षत हुन्थ्यो। तरैपनि उसले त्यो गह्रौ क्रूस बोक्नु पर्दथ्यो। क्रूसमा राखेर उसका हातहरू र खुट्टामा काँटीहरू ठोकिन्थे। ती काँटीहरू लामा हुन्थे ; ती लगभग १३ देखि १८ सेन्टिमिटर (७ देखि ९ इन्च) लामो हुन्थे। नाडीको माथिपट्टि काँटी ठोकिन्थे। दुवै खुट्टाहरूलाई एकअर्कामाथि खप्टचाएर राखी, दोस्रो र तेस्रो मेटाटार्सल (पैतालाका पाँचवटा लामा हड्डी) हड्डीबीच काँटी ठोकिन्थ्यो। स्नायुहरू पूर्णरूपमा नष्ट हुन्थे।

हात र खुट्टामा काँटी ठोकेर क्रूसमा झुण्ड्याउँदा, हातहरू तन्कन्थे र जोर्नीहरू फुस्कन्थे। दुवै हातहरू काँधका जोर्नीहरूबाट फुस्केर निस्कन्थे। शरीरको तौलले गर्दा, हातहरू र काँध दुवै तल झोल्लिन्थे र सास फेर्न गाह्रो हुन्थ्यो। जसले गर्दा शरीरभित्र पर्याप्त मात्रामा अक्सिजन पुग्दैन थियो। त्यसपछि, रगतमा कार्बन डाइअक्साइडको मात्रा वृद्धि हुन्थ्यो र हृदयको गति अनियमित हुन्थ्यो। आधुनिक अनुसन्धान अनुसार क्रूसमा टाँगिनेहरू करिब १,००० पटक जति बारम्बार अचेत हुन्थे। अन्ततः त्यस अपराधीको मृत्यु हुन्थ्यो।

क्रूसीकरणको दण्ड अपराधीको लागि सबैभन्दा बढी पीडादायी हुन्थ्यो। हाम्रो येशूले यस्तो कठोर क्रूसीकरणको सामना गर्नुभयो। हाम्रो निम्ति उहाँको यो बलिदान कति महान् छ भन्ने कुरा हामीले हृदयमा खोपेर राख्नु पर्दछ।

## तेस्रो, क्रूसको अर्थ "प्रेम" हो

१ यूहन्ना ४:१० ले भन्दछ, "प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।" किनभने उहाँ हामीलाई प्रेम गर्नुहुन्छ। हामीले यो तथ्यलाई सदैव स्मरण गर्नुपर्दछ कि परमेश्वरले हामीलाई आफ्नो एकमात्र पुत्र येशूलाई हाम्रो निम्ति प्रायश्चितको बलिको रूपमा क्रूसमा चढ्न दिनुभयो।

येशूले अति नै दर्दनाक पीडा सहनुपर्नेछ भन्ने कुरा परमेश्वरलाई पहिल्यैबाट थाहा थियो। उहाँले येशूलाई क्रूसमा झुण्डिन दिनुको पछाडि एउटै कारण छ। योचाहिँ उहाँले तपाईं र मलाई प्रेम गर्नुभएकोले गर्दा हो। पापीहरूलाई बचाउने यो एक मात्र मार्ग थियो। अनि शत्रु शैतानलाई यस मार्ग बारे थाहै थिएन। न्यायलाई माथ गर्ने बलिदानी प्रेमका साथ, येशूले मानव जगत्को निम्ति मुक्तिको मार्ग खोलिदिनु भयो।

क्रूसलाई हेर्दा, हामीले यो प्रेम स्मरण गर्नुपर्दछ। परमेश्वरले उहाँको एक मात्र पुत्र येशूलाई क्रूसमा बलिदान हुन दिने बिन्दुसम्म हामीलाई प्रेम गर्नुहुन्छ भन्ने तथ्यलाई हामीले बिर्सनु हुँदैन। यो प्रेम आफ्नो हृदयमा महसुस गर्ने र बुझ्नेहरूले आफ्नो जीवन यो प्रेमलाई नबुझ्नेहरूको तुलनामा बेग्लै तरिकाले बिताउनुहुन्छ।

गलाती २:२० मा प्रेरित पावलले स्वीकारोक्ति दिनुभएको छ, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।" क्रूसको प्रेम बुझ्नेहरूले प्रभुको महिमाको निम्ति उहाँको इच्छालाई पछ्याउँदै आफ्नो जीवन जिउनु पर्दछ।

# "मैले सास फेर्न र रामरी हिँड्डुल गर्न सकेँ ! मलाई यो सपना जस्तै लागिरहेको छ !"

डिकनेस योङ्गजी किम, वर्ष ६४, ३० औं प्यारिस, मानमिन केन्द्रीय चर्च

म लामो समयदेखि कार्डियाक एरिथ्मिया (मुटुको धड्कन अनियमित हुने रोग) बाट ग्रसित थिएँ । सन् २०१६ सालको फेब्रूअरी २६ मा, म निन्द्रा लागेर एक छिन ढल्किएको थिएँ । ब्यूझदाँ शरीरको दाहिने भागमा पक्षाघात भएको मैले महसुस गरेँ । शरीर लाटो भएको थियो र म खडा हुन सकिनँ । बायाँ हात प्रयोग गरेर सेल फोनमा रहेको सिनियर पास्टर डा. जेरक लीको प्रार्थना ग्रहण गरेँ र मेरो अवस्था बारे जानकारी दिन छोरीलाई फोन गरेँ ।

मलाई एम्बुलेन्समा राखेर अस्पताल लगियो । त्यहाँ मलाई स्ट्रोक (आघात) भएको थाहा भयो र इन्टेन्सिभ केयर यूनिटमा राखियो । छोरीले मेरो कोषका सदस्यहरूलाई खबर दिनुभयो र उहाँहरूसित मेरो निम्ति प्रार्थना गरि दिन अनुरोध गर्नभयो । मैले सिनियर पास्टरको बिरामीको निम्तिको प्रार्थना ग्रहण गर्न थालेँ । परमेश्वरको दृष्टिमा अनुचित रहेका कुराहरूको निम्ति, अरूको सेवा नगरेको र न्याय गरेको निम्ति मैले पश्चात्ताप गरेँ ।



भोलिपल्ट बिहानीमा, अचम्मको घटना भयो । डाक्टरले मलाई दाहिने हात उठाउनु भनी भन्नुहुँदा, मैले हात उठाउन सकेँ । त्यसपछि मलाई सामान्य वार्डमा सारियो । तरैपनि छोरीको सहायता बिना म खाना खान, मुख धुन र बाथरूम जान सक्दिनथेँ ।

फेब्रूअरी २९, विशेष दानियल प्रार्थना सभाको पहिलो दिन थियो । मैले जिसिएन् (www.gcntv.org) बाट सिनियर पास्टरको प्रार्थना ग्रहण गरेँ । त्यस पछि, मेरो स्वास्थ्यमा तीव्र सुधार हुन थाल्यो र हप्ता दिनमै म अस्पतालबाट निस्किआउन सकेँ ।

मार्च २० मा, बैसाखीको साहारामा हिँड्नु परेतापनि आफै हिँड्न सकेकोमा म धेरै धन्यवादी भएँ । सम्पूर्ण हृदयका साथ महिला मिशनको समर्पण सेवाको निम्ति तयारी गरेँ । सेवाको दिनमा, मैले सिनियर पास्टरसित हात मिलाएँ । त्यसैक्षण, मेरो दाहिने खुट्टामा बल आयो र बैसाखीको साथमा म अझ राम्ररी हिँड्न सक्ने भए ।

अप्रिल १०, आइतबारको प्रातःकालमा, सिनियर पास्टर मेरो सपनामा आउनुभयो । आँखा भरि आँसु लिनुभएर उहाँले मेरो हात समात्नु भयो र मलाई उभिनका लागि भन्नुभयो । निद्राबाट ब्यूझिएपछि, मेरो खुट्टामा थप बल आयो र म बैसाखीको साहारा बिना हिँड्न सकेँ । हाल्लेलूयाह !

मे २६, सिनियर पास्टरको जन्मदिनमा म सेवामा सहभागी भएँ । उहाँलाई वेदीमा देख्दा, म रुन थालेँ र मैले मेरो हृदयमा तातो महसुस गरेँ । सेवा अवधि भरिनै मैले यस्तो अनुभव गरिरहेँ । त्यसपछि, मेरो धड्कन झन् तेज हुन थाल्यो र मेरो शरीरले झन-झन् बल प्राप्त गऱ्यो । श्वासप्रश्वासमा कुनै पनि समस्या विना मैले सजिलै सिढीँमा तलमाथि गर्न सकेँ । पहिले सिढी चढ्दा श्वासप्रश्वासमा कठिनाइ भएकोले गर्दा रोकिँदै चढ्नु पर्ने हुन्थ्यो ।

थपअझ, अगष्ट महिनामा भएको मानमिन समर रिट्रिट २०१६ को दौरान, सिनियर पास्टरको प्रार्थनाद्वारा, म मायोडेसोप्सिया (आँखा अघि धर्साहरू जस्तो देखिएर दृष्टि स्पष्ट नहुने समस्या) बाट निको भएँ । साथै मेरो आँखाको दृष्टिमा पनि सुधार भयो र पावरवाला चश्माको प्रयोग नगरी म स-साना अक्षर समेत पढ्न सक्ने भएँ । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले मलाई अशिष् दिनुभयो र आफ्नो महान् प्रेमद्वारा मेरो विश्वास वृद्धि गरिदिनु भयो ।

# "१५ वर्षदेखि ग्रसित छालाको रोगबाट म मुक्त भएँ !"

भाइ फिल भोभो, २५ वर्ष, इले-दे-फ्रान्स मानमिन चर्च

आठ वर्षको हुँदा मेरो छाला चिलाउने समस्या शुरु भयो र १५ वर्षको अवधिसम्म म यो समस्याबाट ग्रस्त भएँ । डाक्टरहरूले यो पूर्ण रूपमा निको हुन सक्दैन भनी भन्नु भएको थियो । मेरो पीडालाई कम गर्नको लागि उहाँहरू मलाई कोर्टिसोन (एक प्रकारको हार्मोन) को सूई दिनुहुन्थ्यो । अवस्था जटिल बन्दा, म खाना खान, हिँड्न, सुत्न, र पढाईमा ध्यान दिन सक्दिनथेँ । लामो समयदेखि रोगको विरुद्धमा लडिरहेको भएतापनि मैले आफ्नो पीडा अरूबाट लुकाएर राखेँ । यस बारे अरूलाई थाहा थिएन । मेरो परिवारको सहायतामा र परमेश्वर मसित हुनुहुन्छ भन्ने विश्वासका साथ मैले कडा मिहेनतका साथ अध्ययन गरेँ ।

खुशीको कुरा, मैले ग्राण्डिज इकोलेस विश्वविद्यालयमा भर्ना हुने मौका पाएँ, जहाँ विशिष्ट व्यक्तिहरूले मात्रै भर्ना हुने मौका पाउँदछन् । साथै मैले छात्रवृत्ति पाएँ, प्रशिक्षार्थीको रूपमा एउटा ठूलो कम्पनीको लागि काम गर्ने अवसर पाएँ र राम्ररी अध्ययन गर्न सकेँ । त्यही समय, सन् २०१२ सालतिर मेरी आमाले उहाँको सहकर्मी मार्फत डा. जेरक लीको वचन बारे सुन्नुभएकोले गर्दा, उहाँले डा. लीको वचन सुन्न थाल्नुभयो । त्यसबाट उहाँले धेरै अनुग्रह प्राप्त गर्नुभयो र मलाई पनि सुन्न सुझाव दिनुभयो । त्यसपछि मैले इन्टरनेट मार्फत मानमिन केन्द्रीय चर्चको आराधना सेवाहरूमा भाग लिन थालेँ ।

सन् २०१४ को मे महिनामा, मैले रेभ. हिसन ली, मानमिन वर्ल्ड गाइडेन्स पास्टर बेलिजयम आउन लाग्नु भएको कुरा सुने र सभामा भाग लिन गएँ । चङ्गाइको तृष्णाका साथ, सिनियर पास्टरले प्रार्थना गरिदिनु भएको रुमालबाट मैले प्रार्थना ग्रहण गरेँ (प्रेरित १९:११-१२) । मैले औषधि लिन बन्द गरेँ । एक हप्तापछि परमेश्वरले काम गर्न थाल्नु भयो । मेरो छालामा रहेको बाक्लो पाप्रा उप्केर गयो र नयाँ छाला पलायो । यो मेरो निम्ति सपना जस्तै थियो किनभने कुनै पनि औषधिले ममा काम गरिरहेको थिएन । जुन कुरा मानिसहरू र चिकित्सा विज्ञानले गर्न सकेको थिएन, परमेश्वरले गरी दिनुभयो ; यस्तो अद्भूत कार्य त केवल परमेश्वरले मात्र गर्न सक्नुहुन्छ ।

सन् २०१४ को जुन महिनामा, म मेरा आमाबाबुको साथ मानमिन केन्द्रीय चर्चमा गएँ र हामीले सिनियर पास्टरलाई धन्यवाद दियौं । त्यसपछि मैले व्यक्तिगत रूपमा उहाँबाट प्रार्थना ग्रहण गरेँ । अनि मुआनमा गएर त्यहाँ मुआन मीठो पानीको पोखरीमा मैले डुबुल्की मारेँ, र त्यसपछि मेरो छाला राम्रो र नरम भएको महसुस गरेँ । समय बित्दै जाँदा, मेरो छाला नरम हुँदै जान थाल्यो र छालाका दागहरू पनि हराएर गए । हाल्लेलूयाह !

सन् २०१६ को जुलाई महिनामा, मेरो छुट्टीको दौरान म आमासित मानमिन केन्द्रीय चर्चमा गएँ (तस्वीर) । आराधना सेवा र दानियल प्रार्थना सभामा सहभागी भएँ । मैले पवित्र आत्माको भरपूरी पाएँ र ममा नयाँ यरूशलेमको थप आशा जागृत भयो ।

म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु, जसले मलाई यो बहुमूल्य जीवन जिउन दिनु भएको छ ।



## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali

मानमिन समाचार

मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन